नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

फोन { ४२००५०५, ४२००२९९, ४२००३०६

फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः- ०७९/८०

चलानी नं.:- ५१

मितिः २०७९/०५/०२

श्री सबै मन्त्रालय/आयोग/सचिवालय/निकाय ।

**विषयः रा.प.प्रथम र द्वितीय श्रेणीका रिक्त पदहरुको विवरण सम्बन्धमा।**

लोक सेवा आयोगको स्वीकृत बार्षिक कार्यतालिका अनुसार आ.व. २०७९/०८० मा रा.प. प्रथम र द्वितीय श्रेणीका (प्राविधिक/अप्राविधिक) रिक्त पदहरुको पदपूर्ति गर्ने प्रयोजनका लागि त्यस मन्त्रालय/आयोग/सचिवालय/निकाय र अन्तर्गत रिक्त रा.प.प्रथम र द्वितीय श्रेणीका सबै सेवा, समूह र उपसमूहका (छुट्टाछुट्टै पानामा संलग्न गरी) तपसिल अनुसारको ढाँचामा नेपाल सरकारको स्वीकृत संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन अनुरुप रिक्त पदहरु र चालु आ.व. मा रिक्त हुन आउने पदहरु राष्ट्रिय किताबखानामा रहेको विवरणसँग रूजु गराई पछिसम्म फरक नपर्ने गरी आफ्नो सेवा, समूह, उपसमूहका अन्य निकायहरुमा रहेका दरबन्दीमा पदपूर्ति तथा रिक्तको अवस्था समेत यकीन गरी एकीकृत विवरण सहितको माग आकृति फारम भरी २०७९/०५/१७ गते भित्र उपलब्ध गराईदिनुहुन यस मन्त्रालय (सचिवस्तर) को मिति २०७९/०५/०१ को निर्णयानुसार अनुरोध छ । साथै, उक्त पत्र ईमेल ठेगानाः hrd.moga@gmail.com मा समेत अनिवार्य रुपमा उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

तपसिल

| क्र.सं. | सेवा | समूह/उपसमूह | श्रेणी | पद | कुल स्वीकृत दरबन्दी | कार्यरत संख्या | रिक्त संख्या | | | जम्मा रिक्त पद | माग संख्या | अवकास, राजीनामा, मृत्यु, कारवाहीमा परि रिक्त हुनेहरुको विवरण | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | बढुवा | अवकाश | अन्य | | | नाम, थर | मिति | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
| | | | | | | | | | | | | | | |

**संलग्न गर्नु पर्ने कागजातहरु:**

- पद रिक्त भएको कारण सम्बन्धी प्रमाणित कागजात (अवकाश पत्र, बढुवा/नियुक्ति पत्र, दरवन्दी सृजनाको निर्णय, राजीनामा स्वीकृत पत्र र पद दर्ताको प्रमाण पत्र)
- निजामती सेवा ऐन, २०४९ को दफा ७(क)को उपदफा (३) बमोजिम चालु आ.व.मा अवकाश तथा बढुवाबाट रिक्त हुने पदको समेत गणना गरी माग फारम पठाउँदा सोको पुष्टयाईँका आधार प्रमाणित गर्ने सम्पूर्ण कागजातहरु पेश गर्नु पर्नेछ।
- रा.प.प्रथम र द्वितीय श्रेणी (प्राविधिक/अप्राविधिक) रिक्त पदहरुको विवरण सम्बन्धित निकायको रा.प.विशिष्ट श्रेणी (सचिव)बाट सेवा, समूह र उपसमूह अनुसार छुट्टाछुट्टै पानामा प्रमाणित गराई पठाउनु पर्नेछ ।

नोटः- माग आकृति तयारी सम्बन्धी कार्यविधि, २०७७ का व्यवस्थाहरुलाई दृष्टिगत गरी निर्धारित समयमै माग आकृति फारम पठाउनु पर्नेछ ।

२०७९/५/२

(रामु राज कडरिया)
उपसचिव

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखा, स.मा.तथा सा.प्र.मन्त्रालय : वेबसाइटमा अपलोड गरिदिन हुन ।